**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९/८० सालको निर्णय नं. ४३०**

**पुनरावेदन नं. ०७७-RB-००१२**

**पुनरावेदन दर्ता मितिः २०७७।०४।११**

**मुद्दाः– अग्रिम कर कट्टी (आ.व. २०७०/७१)।**

का.जि.का.म.पा. वडा नं.१, हात्तिसार स्थित लक्ष्मी बैंक लिमिटेडको तर्फबाट अख्तियारी प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाह.............१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपूर............................................१
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः-२०७५।०३।२०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः- २०७६।११।०७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री समिर शर्मा र श्री प्रकाश रेग्मी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकर

**अवलम्वित नजीरः ×**

पुनरावेदक करदाताको हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२० मा भएको अग्रिम कर माग गर्ने निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।०७ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको यो पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गत बैंकिङ कारोवार गर्ने करदाता लक्ष्मी बैंक लि.ले आर्थिक वर्ष २०७०/७१ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालयमा मिति २०७१।०९।३० मा आय विवरण पेश गरेको।

२. करदाताबाट पेश हुन आएको आयकर विवरण साथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत करदाताको यस आ.व. २०७०।०७१ मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रू.२२,३६,६४२।२४ (शुल्क तथा ब्याज सहित) माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/ प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०२।२८ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०२।२८ मा जारी भएको सूचना करदाताले मिति २०७५।०२।२८ मा बुझिलिई सोको लिखित जवाफ मिति २०७५।०३।११ मा पेश गरेको।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट जारी भएको अग्रिम कर कट्टी सम्बन्धी सूचनाका बुदाँहरुमा कुनै परिवर्तन गर्नु पर्ने नदेखिएकोले सोही बमोजिम करदाताको आ.व. २०७०।७१ का लागि आयकर ऐन २०५८ को दफा ९०(८) वमोजिम रू.२२,४७,३७३।८९ शुल्क तथा ब्याज समेत दाखिला गर्न करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२० मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट अग्रिम कर तर्फ आर्थिक वर्ष २०७०/०७१ को लागि मिति २०७५।०३।२० मा जारी भएको अग्रिम कर कट्टी आदेश उपर चित्त नबुझाई करदाता लक्ष्मी बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकन गरी पाउँ भनी मिति २०७५।०५।२२ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

६. लेखापरीक्षण कार्यकै लागि भएको लेखापरीक्षण शुल्क र लेखापरीक्षण संग सम्बन्धित अन्य खर्चलाई एकमुष्ठ भुक्तानी मानी आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने हुँदा लेखापरीक्षण शुल्कमा करकट्टी हुने, आ.व. २०७०/७१ मा कम दाखिला भएको पारिश्रमिक वापतको रकममा आयकर ऐन, २०५८ को दफा १२०(क) वमोजिमको शुल्क तथा ११९ वमोजिमको व्याज समेत माग गर्ने गरी कार्यालयले गरेको निर्णय कानून सम्मत देखिएकोले पारिश्रमिक करमा करकट्टी गरी कम दाखिला गरेको सम्वन्धमा निवेदकको निवेदन जिकिर पुग्ने देखिदैन, साथै कर कानूनको परिपालना नगरेको अवस्थामा कार्यालयबाट संशोधित कर निर्धारणबाट सिर्जित थप कर दायित्वमा आयकर ऐन, २०५८ को दफा १२० अनुसारको शुल्क तथा आयकर ऐन, २०५८ दफा ११९ बमोजिको व्याज गणना गरी कर निर्धारण गर्नु कानून बमोजिम नै देखिएको हुँदा निवेदकको जिकिर नपुग्ने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।०७ मा भएको निर्णय।

७. करदाताले लेखापरीक्षण कार्यमा भएको खर्चमा अग्रिम करकट्टी गर्नुपर्ने, पारिश्रमिक भुक्तानीमा अग्रिम कर माग गर्ने गरी गरेको अग्रिम कर निर्धारण मिलेको नदेखिँदा ठूला करदाता कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भएको अग्रिम कर, दफा ११९ बमोजिम व्याज तथा दफा १२०(क) बमोजिम शुल्क समेत माग गर्ने गरेको आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय नियम सम्मत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता लक्ष्मी बैंक लिमिटेडका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।०४।११ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दाफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७८।०९।२३ को यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा करदाता लक्ष्मी बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री समिर शर्मा र श्री प्रकाश रेग्मीले लेखापरीक्षण खर्चमा र पारिश्रमिक करमा करकट्टी दिन नमिल्ने भनी ठूला करदाता कार्यालयबाट भएको आदेश एंव सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानुनसम्मत नभएकोले वदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले ठूला करदाता

कार्यालयबाट भएको अग्रिम कर माग गर्ने आदेश र सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

११. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको अग्रिम कर माग गर्ने आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. पुनरावेदक करदाताको पहिलो पुनरावेदन जिकीर लेखापरीक्षण शुल्क र लेखापरिक्षण सम्बन्धी अन्य खर्च रु. २,९२,४८९।- को अग्रिम कर माग गरेको सम्बन्धमा रहेको देखिन्छ। ठूला करदाता कार्यालयको निर्णय हेर्दा, करदाता लक्ष्मी बैंक लिमिटेडको आ.व.२०७०/०७१ मा लेखा परीक्षण शुल्क सम्बन्धी अन्य खर्च समेत भनी रु.९,४५,०६४/- आय विवरणमा देखाई खर्च दावी गरेको देखिन्छ। सो मध्ये लेखा परीक्षण शुल्क रु.६,५२,५७५।- को मात्र अग्रिम कर कट्टी गरी लेखापरीक्षण अन्य खर्च रु.२,९२,४८९।— (दैनिक भ्रमण भत्ता तथा मसलन्द खर्चहरु) आदिमा भएको खर्च भएकोले अग्रिम कर कट्टी नगरेको भन्ने करदाताको जिकिर रहेको पाईयो। आयकर निर्देशिका, २०६६ (संशोधन,२०७३ सहितको) पृष्ठ संख्या ३२२ को अन्तिम अनुच्छेदमा "परामर्श दिने वा सेवा सुविधा उपलब्ध गराउने व्यक्तिले परामर्श दिने वा सेवा शुल्क गणना गर्दा सेवा शुल्कको अतिरिक्त रात्री होटल खर्च आदि शिर्षक समावेश गरी कुल प्राप्त गर्ने सेवा शुल्कको गणना भएको छ भने सेवा प्रदान गर्ने व्यक्तिले सेवा प्रदान गर्ने सन्दर्भमा भएका त्यस्ता खर्च सेवा प्रदान गर्ने व्यक्तिको खर्च भएकोले सो कटाई सेवा शुल्क गणना गर्न पाईदैन" भन्ने व्यवस्था र सोही अनुच्छेदको अन्तिम बाक्यमा "सेवा प्रदायकले सेवा प्रदान गर्ने सम्बन्धमा विभिन्न शिर्षकहरू कटाई प्राप्त गरेको छ भने पनि सोलाई एकमुष्ट सेवा शुल्कको रूपमा भुक्तानी मानी अग्रिम कर कट्टी गर्नु पर्दछ" भन्ने उल्लेख भएको पाईन्छ।करदाताले अतिरिक्त रात्री भत्ता, होटल खर्च तथा भ्रमण आदिमा भएको खर्चलाई प्रशासनिक खर्चमा समावेश गरी खर्च कट्टीको दावी नगरी लेखा परीक्षण शुल्कसँग सम्बन्धित अन्य खर्च भन्ने शीर्षकमा समावेश गरेको तर रु.६,५२,५७५।-(मूल्य अभिबृद्धि कर बाहेक रू.४३,८७३।३५) को मात्र अग्रिम करकट्टी गरी दाखिल गरेको र रु.२,९२,४८९/- को अग्रिम कर कट्टी नगरेको तथ्य स्थापित देखियो। करदाताले भुक्तानी गरेको लेखापरीक्षण अन्य खर्च रू. ६,५२,५७५।- पनि लेखापरीक्षण शुल्क सरह लेखा परीक्षकलाई गरिएको भुक्तानी हुँदा भुक्तानी कै वखत आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम अग्रिम कर कट्टी

गर्नुपर्ने नै देखिँदा करदाताको यो पुनरावेदन जिकीर सँग सहमत हुन सकिएन।

१३. पुनरावेदक करदाताको दोस्रो पुनरावेदन जिकिर पारिश्रमिक करमा करकट्टी गरी कम कर दाखिला गरेको भनी अग्रिम कर रु.२१,५८,५३०।३६ माग गरेको सम्बन्धमा देखिन्छ। करदाताले आयकर ऐन, २०५८ को अनुसूची १ को उपदफा (१) बमोजिमको दरमा कर दाखिला गर्नुपर्ने जम्मा कर दायित्व रु.४१०४५७८०।२७ रहेको तथ्यलाई पुनरावेदकले समेत स्वीकार गरेकै देखिन्छ। करदाता बैंकले कर्मचारीहरुलाई भुक्तानी गरेको खर्चको विवरण अनुसार तयार गरेको तलबी प्रतिवेदन बमोजिम कर्मचारीहरुको दाखिल हुनुपर्ने कर बैंकले आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिम "प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले हुने कर कट्टी गर्नुपर्ने" कानुनी व्यवस्था भए बमोजिम अग्रिम कर कट्टी गरी तोकिएको म्याद भित्र अग्रिम कर कट्टी रकम र विवरण सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्ने कुरामा पनि विवाद हुन सक्दैन। यस आ.ब.२०७०/७१ मा कर्मचारी तलब बमोजिम अग्रिम कर कट्टी रु.४,००,११,७५३।७५ मात्र दाखिला गरेको पाइएको हुँदा बैंकले तलवी प्रतिवेदन बमोजिम दाखिला गर्नुपर्ने कर रु.४,१०,४५,७८०।२७ को भौचर र अग्रिम कर कट्टीको विवरण बमोजिम दाखिला भएको विवरण भिडान गर्दा रु.४,००,११,७५३।७५ को भौचर मात्र भिडान भएको भनी कम कर दाखिल भएको रू.१०,३४,०२६।५२ मा कानून बमोजिम लाग्ने व्याज र शुल्क समेत गणना गरी कर दाखिला गर्न सूचना जारी भएको देखियो। यस सम्बन्धमा पुनरावेदक करदाताले कर्मचारीले पाएको सुविधा वापत कट्टी गर्नु पर्ने रकम थपघट समायोजन गरी मिति २०७१।०६।१४ मा भौचर नं. ४८३७२६९५ बाट रु.११,८१,९९१।७७ दाखिल गरी सकेको भनी मिति २०७५।०३।११ मा सबुद प्रमाण सहित जवाफ पेश गरेकोमा आफ्नो अभिलेख जाँचबुझ नै नगरी आय वर्ष २०७१/०७२ मा दाखिल गरेको कर रकम सँग मिलान गर्न नसकिने भनी करदातासँग अग्रिम कर माग गर्ने र आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत गणना गर्ने गरी आधार र कारण बिना ठूला करदाता कार्यालय बाट भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत न्यायोचित देखिएन। अब करदाताले भौचर नं. ४८३७२६९५ र भौचर नं. ४८३७२६९४ बाट दाखिल भएको कर कुन अवधिको हो अभिलेखबाट एकिन गरी पुनःनिर्णय गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाउन उपयुक्त हुने देखियो ।

१४. जहाँ सम्म पुनरावेदक करदाताले अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी लिएको अन्तिम पुनरावेदन जिकीर छ

सो सम्बन्धमा हेर्दा, आयकर ऐन, २०५८ को दफा १२० मा "कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुट्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ" भन्ने कानुनी व्यवस्था गर्दै खण्ड (क) मा "जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुट्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत" भन्ने कानुनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुट्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० वमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानुनी व्यवस्था मिति २०७७।४।१ मा प्रारम्भ हुनु भन्दा अघिको आ.व. २०७०/०७१ को हकमा मिति २०७५।०३।२० मा अग्रिम कर माग गर्दा उक्त दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानुनको पश्चातदर्शी असर (Retrospective Effect) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा सोहदसम्म उक्त निर्णय न्यायोचित देखिएन।

१५. तसर्थ माथि विवेचित आधार र कारणबाट करदाता लक्ष्मी बैंक लि.(स्थायी लेखा नं.३००२७७४०९) ले आ.व. २०७०/०७१ मा कर्मचारीले पाएको सुविधा वापत कट्टी गर्नु पर्ने रकम थपघट समायोजन गरी मिति २०७१।०६।१४ मा भौचर नं. ४८३७२६९५ बाट रु.११,८१,९९१।७७ दाखिल गरी सकेको भनी मिति २०७५।०३।११ मा सबुद प्रमाण सहित जवाफ पेश गरेकोमा आफ्नो अभिलेख जाँचबुझ नै नगरी आय वर्ष २०७१/०७२ मा दाखिल गरेको कर रकम सँग मिलान गर्न नसकिने भनी करदातासँग अग्रिम कर माग गर्ने र आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत गणना गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०७५।०३।२० मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।०७ मा भएको निर्णय समेत न्यायोचित नदेखिँदा बदर गरिदिएको छ। अब करदाताले भौचर नं. ४८३७२६९५ र भौचर नं. ४८३७२६९४ बाट दाखिल भएको कर कुन अवधिको हो, अभिलेखबाट यकिन गरी पुनःनिर्णय गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाताले भौचर नं. ४८३७२६९५ र भौचर नं. ४८३७२६९४ बाट दाखिल भएको कर कुन अवधिको हो

अभिलेखबाट यकिन गरी पुनःनिर्णय गर्नु भनी प्रस्तुत फैसलाको प्रतिलिपि सहित फाइल ठूला करदाता कार्यालयमा लेखि पठाइदिनू।

२. माथि ठहर खण्डमा लेखिए बमोजिम अग्रिम कर माग भएको रकममा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क गणना गरेको हदसम्म निर्णय उल्टी भएकोले त्यस्तो शुल्क वापतको रकम हिसाव गरी करदाताको आगामी आ.व. को हिसावमा मिलान गरिदिनु भनी ठूला करदाता कार्यालयलाई लेखी पठाइदिनू।
३. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
४. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
५. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
६. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

ईजलास अधिकृतः-लक्ष्मी प्रसाद शर्मा

इतिसम्बत २०८० साल जेष्ठ २३ गते रोज ३ शुभम्---------------------.

प्रमाणीकरण गर्नेः-

प्रमाणीकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप